नेपाल नागरिक उड्डयन प्राधिकरण
तुम्लिङटार नागरिक उड्डयन कार्यालय, तुम्लिङटार, संखुवासभाको
व्यापारिक भवनको सटर घरभाडामा लगाउने सम्बन्धी बोलपत्र आव्हानको सूचना
(दोस्रो पटक प्रकाशित मिति २०८१।०९।०९)

तुम्लिङटार नागरिक उड्डयन कार्यालयको स्वामित्वमा रहेको तुम्लिङटार विमानस्थलको टर्मिनल भवन अगाडि रहेको व्यापारिक भवनको जम्मा क्षेत्रफल ८६ व.मि. भएको ३ वटा सटरहरु नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०७८ वमोजिम ठेक्का प्रकृयाबाट ५ वर्षका लागि बहालमा लगाउनु पर्ने भएकोले ईच्छुक नेपाल सरकारको सम्वन्धित निकायहरुवाट काम गर्न इजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट बोलपत्र आह्वान गरिएको छ ।

## शर्तहरु

१) यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको विशालबजार स्थित राष्ट्रिय वाणिज्य बैकमा रहेको खाता नम्बर १०९०१०००६४९१७००१ मा रु. १,१,३०।- (अक्षरेपी रु. एक हजार एक सय तिस मात्र) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर, नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि कार्यालयमा पेस गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२) बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) औ दिनको कार्यालय समयभित्र खरिद गरी १६(सोह्र) औं दिनको १२:०० बजेभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ ।

३) बोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, आ.ब २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणापत्र पेश गर्नुपर्नेछ ।

४) व्यापारिक भवन सञ्चालनको लागि ठेक्का अवधि ५(पाँच) वर्षको हुनेछ । सो अवधिको न्यूनतम ठेक अंक रु. ९,२८,८००।०० (अक्षरेपि रु. नौ लाख अठ्ठाईस हजार आठ सय मात्र) कायम गरिएको छ । साथै दोस्रो वर्षदेखि कुल ठेक अंकमा कार्यसम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्को अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम समेत बुझाउनु पर्नेछ ।

५) प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरुले बोलपत्रमा भाग लिन पाउनेछैन । प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण बोलपत्र कागजात खरिद गर्दाका समयमा पेश गर्नुपर्नेछ ।

६) कबोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम नेपाल इन्भेष्टमेन्ट बैक लि., विराटनगरमा रहेको बिराटनगर नागरिक उड्डयन कार्यालयको धरौटी खाता नम्बर ००८०१०३०००२२३५ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैकबाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट )मान्य अवधि भएको बैक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

७) दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री तुम्लिङटार नागरिक उड्डयन कार्यालय, तुम्लिङटार, संखुवासभालाई सम्बोधन गरी तुम्लिङटार नागरिक उड्डयन कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

८) बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९) रीत नपुगी, म्याद नाघी, शर्तसहित पेश भएको वा तोकिएको कागजात पेश भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

११) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२) यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np मा उपलब्ध हुनेछ ।

१३) यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४) यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१५) सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।

विमान स्थल प्र